NJ: NUTA

# 'पछबरिया टोल' कथामा सांस्कृतिक स्वरूप

**शारदा लामिछाने**[1]
[1]नेपाली विभाग, पाटन संयुक्त क्याम्पस, त्रिभुवन विश्वविद्यालय
Email: sharadalamichhane30@gmail.com
DOI: https://doi.org/10.3126/nutaj.v9i1-2.53865

**लेखसार**

प्रस्तुत आलेखमा ऋषिराज बरालको 'पछबरिया टोल' कथामा सांस्कृतिक सैद्धान्तिक मान्यताका आधारमा राजनीतिक संस्कृतिको उद्घाटन गरिएको छ। यस अध्ययनले समाज, साहित्य र संस्कृतिका बिचको सम्बन्धलाई स्पष्ट पार्नुका साथै समाज विकासको कुनै कालखण्डको यथार्थलाई पनि प्रस्तुत गर्ने प्रयास गरेको छ । यसमा पछबरिया टोल कथामा वर्णन गरिएको पूर्वी तराईको दक्षिण सीमावर्ती क्षेत्रमा बस्ने शोषित र उपेक्षित मधेशी समुदायमा हुने गैरलोकतान्त्रिक चुनावी गतिविधिलाई उद्घाटन गर्नुका साथै नेपाली समाजका प्रभुत्वशाली वर्गद्वारा अधीनस्थ वर्गमाथि गरिने अन्याय, अत्याचार, शोषण, उत्पीडनको अवस्थालाई चित्रण गर्नु यस लेखको उद्देश्य हो । प्रस्तुत लेख तयार पार्नका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालय विधिको उपयोग गरी प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ भने सांस्कृतिक अध्ययन पद्धतिको निर्माण गरी वर्गगत संस्कृति, राजनीतिक संस्कृति, परिवेशगत संस्कृति, प्रभुत्व र प्रतिरोधको अवस्थालाई विश्लेषणको आधार बनाइएको छ । मूलधारको संस्कृतिले परिधीय संस्कृति माथि प्रभुत्व कायम राख्न अनेकौँ षडयन्त्र र जालझेल गर्ने गर्दछ र परिधीय संस्कृतिले पनि प्रभुत्वशाली संस्कृतिका विरुद्धमा बिस्तारै अवाज उठाउन थालेका छन् भन्ने नै प्रस्तुत लेखको मूल निष्कर्ष हो ।

*शब्दकुञ्जी :* परिधीय संस्कृति, भूमण्डलीकरण, जैविक बुद्धिजीवी, विमर्शात्मक संरचना, सीमान्तकृत

## विषय परिचय

ऋषिराज बराल (२००९) आधुनिक नेपाली साहित्य परम्परामा प्रगतिवादी धाराका विशिष्ट स्रष्टा हुन् । उनका 'गाउँको कथा भन्छु है त' (२०४१), 'भग्नावशेष' (२०४४), 'बयान' (२०५२), 'वनमान्छेको कथा' (२०५४) र 'सैन्य उपहार' (२०५८) जस्ता कथा सङ्ग्रह रहेका छन् । औपन्यासिक कृतिहरूमा 'भावना' (२०३५), 'कमरेड हुतराजको राजधानी प्रस्थान' (२०४८) र 'समरगाथा' (२०६४) रहेका छन् । यसै गरी समालोचनात्मक ग्रन्थहरूमा 'प्रगतिवादी नेपाली समालोचना' (२०४०), 'प्रगतिवाद' (२०४९), 'मार्क्सवाद र उत्तर आधुनिकतावाद' (२०५२), 'उपन्यासको सौन्दर्यशास्त्र' (२०५६) र 'भूमण्डलीकरण' र 'सांस्कृतिक साम्राज्यवाद' (२०६२), 'आजको समालोचना' (२०७७) प्रकाशित छन् । 'पछबरिया टोल' कथा उनको 'वनमान्छेको कथा' (२०५४) कथासङ्ग्रहमा सङ्ग्रहित छ । उक्तकथा सामाजिक यथार्थवादमा आधारित प्रगतिवादी धाराको कथाहो । साहित्यकार बरालको साहित्य रचनाको मूल आदर्श भनेको मार्क्सवादी चिन्तन धारा हो । बरालका प्राय जसो कथाहरू नेपाली समाजका प्रभुत्वशाली वर्गद्वारा अधीनस्थ वर्ग माथि गरिने अन्याय, अत्याचार, शोषण, उत्पीडनको उद्घाटन गर्न केन्द्रित रहेको पाइन्छ । यसले नेपाली समाजमा विद्यमान रहेको वर्गीय द्वन्द्वलाई देखाउँछ । प्रस्तुत कथा पूर्वी तराईको

दक्षिण सीमावर्ती क्षेत्रमा बस्ने शोषित र उपेक्षित मधेशी समुदायमा हुने गैर लोकतान्त्रिक चुनावी गतिविधिमा केन्द्रित रहेको छ । कथाको अन्त्यतिर अन्याय अत्याचारका विरुद्ध नेपालीहरूमा विद्रोहको भावना जागरण हुँदै गरेको अवस्थाको बोध गराएर प्रगतिवादी चेतना प्रस्तुतभएको छ। यस अध्ययनले समाज, साहित्य र संस्कृतिका बिचको सम्बन्धलाई स्पष्ट पार्नुका साथै समाज विकासको कुनै काल खण्डको यथार्थलाई पनि उद्घाटन गर्ने हुँदा यसको उच्च महत्त्व रहेको छ । यसै पृष्ठभूमिमा यहाँ 'पछबरिया टोल' कथाको सांस्कृतिक अध्ययन गर्ने प्रयास गरिएको छ ।

## अध्ययनविधि

ऋषिराज बरालको 'पछबरिया टोल' कथालाई प्राथमिक स्रोत सामग्री र सांस्कृतिक सम्बन्धी सैद्धान्तिक आधार भएका कृति, लेख, कथाको पूर्वाध्ययनसँग सम्बद्ध सामग्रीलाई द्वितीयक स्रोत सामग्रीका रूपमा लिइएको छ। यी सबै किसिमका सामग्री पुस्तकालय स्रोतबाट लिइएको छ । सङ्कलित सामग्रीको विश्लेषण गर्दा निगमनात्मक विधिमा केन्द्रित रहेको छ। सांस्कृतिक अध्ययन पद्धतिको निर्माण गरी 'पछबरिया टोल' कथाको वर्गगत संस्कृति, राजनीतिक संस्कृति, परिवेशगत संस्कृति, प्रभुत्व र प्रतिरोधको अवस्थाको पहिचान गरी अध्ययनको आधार तयार पारिएको छ। कथा विश्लेषणका सन्दर्भमा भने आगमनात्मक विधिको पनि अवलम्बन गरिएको छ।

## सैद्धान्तिक पर्याधार

मानव जीवनका यावत् गतिविधिहरूको अध्ययन र विश्लेषण गर्ने ज्ञानको महत्त्वपूर्ण नवीन शाखा नै संस्कृति हो । यसले परम्परागत रूपमा संस्कार जन्य परिष्कृत रूपलाई बोध गराउँछ । समाजमा रहने मानिसहरूका साहित्यिक, सामाजिक, राजनीतिक, आर्थिक, नैतिक र आध्यात्मिक विचारका साथैतिनको कार्यान्वयन पक्ष सबै संस्कृतिमा समावेश हुन्छन् । मानव जीवन र समाजमा विकसित मूर्त र अमूर्त कुराहरूको समष्टि नै संस्कृतिहो । यो मानिसको सामूहिक प्रयासबाट निर्मित हुन्छ । यस्तो मानवीय प्रयास मानसिक तथा शारीरिक श्रम र सृजनात्मकताका रूपमा रहेको हुन्छ । अतः समाजका प्रत्येक अनुभव, प्रत्येक आविष्कार संस्कृतिको अङ्ग बन्न पुग्छन् । मानिसले जे जति ज्ञात अज्ञात रूपमा समाजबाट सिक्छन्, त्यो सबै संस्कृतिमा सम्मिलित हुन्छ (सिन्ना, २०६४, पृ. १७) । यसर्थ, संस्कृति मानिसले समाजबाट प्राप्त गर्ने व्यवहारका रूपमा रहेको हुन्छ। आजको विश्व समाजमा जाति, वर्ग, क्षेत्र, समुदायका सांस्कृतिक मान्यताले विशेष स्थान पाएका छन्। संस्कृतिले कुनै पनि जाति विशेषको मौलिक पहिचान, परम्परित मूल्य आदि पनि समेट्दै आएको छ । यस कुराले संस्कृतिलाई अझ बढी व्यापक बनाउने काम गरेको छ ।

कुनै पनि कृतिको अध्ययन विश्लेषण गर्दा त्यस कृतिले प्रस्तुत गरेको सामाजिक संस्कृतिलाई केन्द्रमा राखेर त्यसको पहिचान गरिनु पर्दछ भन्ने मान्यतासहित सन् १९७० को दशकमा विकसित भएको विशिष्ट प्रकारको समालोचना प्रणाली नै सांस्कृतिक अध्ययन प्रणाली हो। सांस्कृतिक अध्ययनमा ज्ञानोदयपश्चात् विकसित भएका सबैजसो साहित्यिक सिद्धान्तको अन्तर्मिश्रण पाइन्छ। तसर्थ, यो कुनै एउटा मात्रै विधि र सिद्धान्त होइन । अनेक विधि र सिद्धान्तलाई आत्मसात गरेर अध्ययनको विशिष्ट प्रणालीका रूपमा विकसित भएको यस प्रणालीले अनेकतामा एकताभएर यो वात्यो रूपबाट संस्कृतिको नै अध्ययनगर्दछ । यो प्रणाली कुनै विशेष कालखण्डको समाजको विमर्शात्मक संरचनाभित्र विद्यमान शक्ति सम्बन्ध र सङ्घर्षका आयामहरूको समग्र सूचनाको आधारको रूपमा समेत स्थापित भएको छ। समाजमा विभिन्न सांस्कृतिक रूपहरू हुन्छन्। त्यसमा कुनै एक संस्कृति केन्द्रमा रहेको हुन्छ। त्यो केन्द्रमा रहेको संस्कृतिले समाजको शक्ति आफूमा केन्द्रित गरेको हुन्छ। केन्द्रभन्दा बाहिर रहेका सांस्कृतिक रूप वा मान्यताको पनि कुनै न कुनै रूपमा केन्द्रीय संस्कृतिसँग सम्बन्ध रहेको हुन्छ ।सांस्कृतिक

अध्ययनले यही केन्द्रमा रहेको सांस्कृतिक व्यवहार र शक्तिसँग परिधीय संस्कृतिको सम्बन्धलाई हेर्ने काम गर्दछ। सांस्कृतिक अध्ययन राजनीतिक सत्तासम्बन्ध, विचारधारा, पहिचान र प्रतिरोधमा आधारित समालोचना हो (भट्टराई, २०७७, पृ. १) । यस अध्ययनको मूल अभीष्ट भनेको शक्ति सम्बन्धलाई अनावृत्त गर्नुका साथै कसरी यस्तो शक्तिले संस्कृतिलाई आकार प्रदान गर्छ भन्ने कुराको पहिचान गर्नु हो । यस प्रकार यो सामान्य वा सोझो किसिमले संस्कृतिको अध्ययन मात्र नभएर संस्कृतिको निर्माणमा सक्रिय विविध सन्दर्भहरू र त्यस प्रकारका संस्कृति निर्माणको कारणको समेत अध्ययन हो ।

सांस्कृतिक अध्ययनको छुट्टै स्थापित र प्रचलित अध्ययन पद्धति सिद्धान्त नभए पनि उदारवादिताका कारण यसले वाङ्मयका अन्य शाखा र क्षेत्रबाट आफूलाई पायक पर्ने सिद्धान्त र ढाँचा लिएर त्यसलाई आफ्नो बनाई त्यसका आधारमा कृतिको अध्ययन विश्लेषण गर्दछ। यसका सम्बन्धमा सन्जिव उप्रेती यसो भन्छन्, "सांस्कृतिक अध्ययनले उच्च संस्कृति र लोकप्रिय संस्कृति मध्येको विभाजनलाई अस्वीकार मात्र नगरेर साहित्य समालोचनालाई कला, फिल्म, प्रदर्शन, टेलिभिजनजस्ता संस्कृतिका अन्य क्षेत्रसँग पनि जोडेको छ" (२०६८, पृ. २९) । यसले साहित्यलाई अध्ययनको छुट्टै क्षेत्र नमानी समग्र संस्कृतिका अन्य क्षेत्र र ती क्षेत्रलाई टिकाउने राजनीतिक, आर्थिक कारकसँग जोडने गर्दछ। सांस्कृतिक अध्ययन राजनीतिक, सामाजिक र ऐतिहासिक सन्दर्भसँग सम्बन्धित अध्ययन हो । यसको उद्देश्य संस्कृतिलाई समग्र व्यवाहरका रूपमा लिई त्यस्तो स्वरूप निर्माण गर्ने राजनीतिक, सामाजिक सन्दर्भको विश्लेषण गर्नु हो । यसले कुनै कालखण्डको राजनीतिलाई हेर्दा त्यस कालखण्डको कला, साहित्य, मिडिया, फेसन, जात्रा, अखबारी लेख आदिलाई समेत हेर्छ। यसमा को शक्तिकेन्द्रभन्दा बाहिर छ वा को सीमान्तकृत छ भन्ने कुराको अध्ययन गरिन्छ। यसले उच्च साहित्य वा उच्च संस्कृतिको अध्ययन नगरी निम्न वर्ग, महिला, जनजाति र तिनका विषयमा लेखिएको साहित्यको अध्ययन र विश्लेषण गर्दछ (भट्टराई, २०६८, पृ. ६२) । यसले सीमान्तकृत समूहका व्यक्ति, वर्ग, सर्जक, कलाकार, चिन्तकहरूको आवाज र लेखनलाई संस्कृतिको मूलधारमा ल्याउने प्रयास गर्दछ। सांस्कृतिक अध्ययनको क्षेत्र अत्यन्त व्यापक छ। ज्ञानविज्ञानका हरेक क्षेत्र र विधाहरूलाई यसभित्र समेटिएको छ, यसको अध्ययन क्षेत्रभित्र भूगोल, लैङगिकता, विचार धारा, पहिचान, जीवनशैली, उपसंस्कृति, उपभोक्ता संस्कृति, फेसन, उच्च सङ्गीत, लोकप्रिय सङ्गीत, मिडिया, सेलिब्रेटी, भूमण्डलीकरण, उत्तर औपनिवेशिकता जस्ता कुराहरू समेटिन्छन् ।

सांस्कृतिक अध्ययनको थालनीमा दोस्रो विश्वयुद्धपश्चात् पश्चिमी समाजमा विकसित विभिन्न मूल्य पद्धतिहरूको प्रभाव र देन रहेको छ । वर्मिङ्घम विश्वविद्यालय सन् १९६४ मा स्थापित **सेन्ट्री फर कन्टेम्पररी कल्चरल स्टडिज** नामक संस्थाले १९७२ मा **वर्किङ पेपर्स इन कल्चरल स्टडिज** प्रकाशित गरेपछि सांस्कृतिक अध्ययन परम्पराको थालनी भएको हो । यसका मुख्य संस्थापक रिचार्ड होगार्ड, रेमन्ड विलियम्स, इ.पि. थम्सन, स्टुआट हल हुन् (पाण्डेय, २०७३, पृ. ५९) ।ज्ञानविज्ञानका प्राज्ञिक परम्परामा विकसित विभिन्न वाद र सिद्धान्तको उपभोग गर्दै अगाडि बढेको सांस्कृतिक अध्ययन परम्परामा हालसम्म अध्ययनका विभिन्न मोडेल र पद्धति विकसित भइसकेका छन् ।

अमेरिकी सांस्कृतिक अध्ययन पद्धति उत्तर आधुनिकताको नाममा मार्क्सवाद माथिको प्रहारमा केन्द्रित देखिन्छ। यसले उच्च वा अभिजात संस्कृति र निम्न वा जनसामान्यको संस्कृतिबिचको विरोध वा व्यतिरेकलाई अस्वीकार गर्दछ। यसमा मुख्य रूपले मिसेल फुकोको विमर्शात्मक संरचनाको प्रभाव रहेको पाइन्छ। यस प्रणालीमा कृतिको अध्ययन गर्दा प्रतिनिधित्वलाई हेर्नु पर्नेमा जोड दिन्छ। कुनै खास विमर्शात्मक संरचनामा एउटा संस्कृति केन्द्रमा

रहेको हुन्छ । केन्द्रमा रहेको संस्कृतिसँग परिधिमा रहेको संस्कृतिले आफ्नो पहिचान र प्रतिनिधित्वका लागि सङ्घर्ष गरिरहेको हुन्छ ।

अर्को महत्त्वपूर्ण मोडेल ब्रिटिस सांस्कृतिक अध्ययन पद्धति हो । यसको पृष्ठभूमि निर्माणमा इटालेली कम्युनिष्ट पार्टीका संस्थापक अन्तोनियो ग्राम्चीको महत्त्वपूर्ण भूमिका रहेको छ । आल्थुसर र ग्राम्चीका मान्यतामा वर्गीय समाजमा संस्कृतिको प्रश्नलाई विभिन्न कोणबाट उठाउने काम गरेको छ । समाज लिङ्ग, जाति, वर्ग, क्षेत्रसँगको वर्गीय द्वन्द्वबाट सञ्चालित छ । संस्कृतिले अर्थव्यवस्थाले जस्तै जनताका पहिचानका चेतनालाई आधार दिन्छ भन्ने मान्यता यस पद्धतिको रहेको छ । सांस्कृतिक व्यवहारले कसरी विभिन्न समूह तथा वर्गलाई सांस्कृतिक वर्चश्वका लागि सङ्घर्ष गर्न प्रेरित गर्छ भन्ने कुराको अध्ययन गर्नु पर्ने मान्यता राख्दछ । यस मान्यताले समाजको वर्गीय विषमतालाई स्वीकार त गर्छ तर वर्गीयताको मुख्य कारण आर्थिक मात्र नभएर आर्थिक जतिकै कानुन, धर्म, शिक्षा, परिवार आदि पनि वर्ग विभाजनका कारण हुन् ।वर्गीय समाजको संस्कृति पनि वर्गीय नै हुन्छ । प्रभुत्वशाली संस्कृति र प्रभुत्वहीन संस्कृति । प्रभुत्वशाली संस्कृतिले प्रभुत्वहीन संस्कृतिमाथि आफ्नो वर्चश्व कायम राखेको हुन्छ बेलायती मार्क्सवादी सांस्कृतिक समालोचनाले उठाएका यस किसिमका प्रश्नले पछि गएर १९८० र ९० को दशकमा व्यापकता प्राप्त गर्‍यो (उप्रेती, २०६८, पृ. २८) । प्रभुत्वशाली वर्गले प्रभुत्व कायम राख्नका लागि बल प्रयोगका अतिरिक्त वार्ता र सहमतिको बाटो पनि अँगाल्छ । प्रभुत्वहीन वर्गले आफूमाथि शोषण भइरहेको छ भन्ने कुराको पत्तै पाउँदैन र प्रभुत्वशाली संस्कृतिलाई आफ्नै संस्कृति ठानी स्वीकार गर्दछ । ग्राम्चीको समाजमा रहेका वर्गीय असमानता अन्त्यका लागि प्रभुत्वशाली वर्गको शोषणको परिधीय संस्कृतिले समाजको मूलधारमा आउनका लागि मानिसको जन्मसिद्ध वा मौलिक अधिकार विद्रोह वा विरोधको प्रयोग गर्नु पर्ने कुरामा जोड दिन्छ (श्रेष्ठ, २०६८, पृ. १८७) । उनले सामाजिक, आर्थिक, सांस्कृतिक रूपान्तरणको महत्त्वपूर्ण औजारको रूपमा क्रान्तिलाई प्रस्तुत गरेका छन् । यो वर्गका सबै व्यक्तिमा क्रान्ति चेतना पनि नहुने र प्रभुत्वशाली वर्गको विरासतका कारण आफ्नो जन्मसिद्ध वा मौलिक अधिकारको प्रयोग गर्न पनि सक्दैन । यसका लागि सचेत वर्गले प्रयास गर्नु पर्ने हुन्छ । जुन वर्गलाई उनी जैविक बुद्धिजीवीको संज्ञा दिएका छन् । सांस्कृतिक अध्ययनमा रहेका यी दुई सम्प्रदायका आधारभूत मान्यताहरूलाई आधार मानेर नै ऋषिराज बरालद्वारा रचित 'पछबरिया टोल' कथाको विश्लेषणनिम्न सांस्कृतिक सूचकका आधारहरूमा गरिएको छ ।

- वर्गगत संस्कृति
- राजनीतिक संस्कृति
- परिवेशगत संस्कृति
- प्रभुत्व र प्रतिरोधको अवस्था

## 'पछबरिया टोल' कथाको विश्लेषण

'पछबरिया टोल' कथाको चुनावी परिवेशले राजनीति संस्कृति, वर्गगत अवस्था, प्रभुत्व र प्रतिरोधको अवस्थालाई समेटेको छ । यही सांस्कृतिक आधारमा कथाको विश्लेषण गरिएको छ ।

### कथा सन्दर्भ

पछबरिया टोल तराईका गरिब मधेशी समुदाय बसोबास गर्ने टोल हो । त्यहाँ चुनाव लागेको छ । उनीहरूको पाँच सय एकाउन्न भोट छ । यो भोट आफ्नो छापमा पार्न नेताहरू अस्वस्थ प्रतिस्पर्दामा लागेका छन् । छाप नं. १ ले एक सयमा एक भोट किनेर आफ्नो पार्ने योजना बनाउँछ । छाप नं.२ र ३ ले पनि यी भोट आ-आफ्ना बनाउन

योजना बनाउँछन् । चुनावको गर्मी तात्तै गइरहेको छ । छाप नं. १ को अनवर अख्तरले नाच देखाउने खाना खुवाउने घोषणा गर्छ । त्यहाँका बाठाटाठाहरूले बहुसङ्ख्यक गरिबहरूको शैक्षिक जनचेतनाको कमी, राजनीतिक चेतनाको अभाव र अर्थिक पछौटेपनलाई आफ्नो राजनैतिक अवसरको रूपमा प्रयोग गर्दै आएको वास्तविकतालाई यस कथाले हुबहु चित्रण गरेको छ । शुकदेव, धनपत र शिवनारायण, कुनै पनि नेतालाई भोट नदिने कुरा गर्दै छन् । अनवर अख्तर तर्सन्छ । सबैले आ-आफ्नो भोट बढाउन लागेकाले टोलमा शान्ति छैन । राति एक्कासि पछबरिया टोलमा आगोलागी हुन्छ । पुलिस प्रशासनले निर्दोष व्यक्तिहरूलाई समाउन थाल्छ । गाउँ आतङ्कित हुन्छ । आगो कसले लगायो भन्ने विषयमा आरोप प्रतिारोप हुन्छ । अनवर अख्तरले यो आगलागी प्रजातन्त्र विरोधीको काम हो भनेर घोषणा गर्छ । सबै जना चिया पसलमा जम्मा हुन्छन् । रेडियोले उग्रवादीद्वारा भीषण आगजनी भनेर फुक्यो । अनवर अख्तर खुसी भयो । कैलाशवाले यसको विरोध गऱ्यो । भोला चौधरीले नाच पार्टी लिएर आउँछ । धनपतले उसलाई कुटुला झैँ गरेर थुक्छ । कैलासवा हातमा रातो कपडा लिएर पछबरिया टोलतिर दोड्यो भनेर कथा समाप्त हुन्छ ।

## वर्गगत संस्कृति

सांस्कृतिक स्वरूपको निर्माणमा आर्थिक संरचनाले मुख्य भूमिका निर्वाह गरेको हुन्छ । आर्थिक संरचनाले नै समाजमा वर्ग निर्माण गर्दछ । नेपाली समाज विविध वर्गभेदका रूपहरू भएको समाज हो । देशको आर्थिक उत्पादनको ठुलो हिस्सामा आफ्नो जबर्जस्त स्वामित्व जमाएको उच्च वर्गका तुलनामा मध्यम र निम्नवर्गको आर्थिक पहुँच ज्यादै कम हुन्छ । समाजमा यस प्रकारको वर्गीय असमानता देखापर्नुको मुख्य कारण उत्पादनमा र वितरणमा रहेको असन्तुलन हो । आज नेपाली साहित्यका अधिकांश कृतिहरूले समाजमा रहेका यस्तै असमान उत्पादन र वितरण प्रणाली वा श्रमिक र शोषक वर्गका बिचको भेदभावकारी अवस्थालाई प्रस्तुत गरिरहेका छन् । 'पछबरिया टोल' कथामा सामन्ती आर्थिक संरचनाका कारण निर्माण भएको वर्गीय संस्कृतिको यथार्थ चित्र प्रस्तुत भएको छ । यस कथामा वर्गीय समाजमा रहने आर्थिक हैसियतका अलग अलग श्रेणी र त्यसको निर्माण हुने विशिष्ट सांस्कृतिक संरचनाको अभिव्यक्ति भएको छ । विवेच्य कथामा तराईको दक्षिण सीमावर्ती क्षेत्रमा बसोबास गर्ने विपन्न मधेसी तथा दलितहरूको आर्थिक, अवस्थाको चित्रण गरिएको छ । कथामा वर्णित टोलको नामकरणबाट नै उनीहरूको आर्थिक हैसियत र निरीहपनलाई झल्काउँछ । मुसहर टोल, पञ्चायत व्यवस्थामा पञ्चायत टोल, बहुदल आएपछि रामलक्ष्मण टोल अनि पछबरिया टोल, आफूहरू बस्दै आएको टोलको नाम पटक पटक जसले पनि आफू अनुकूल फेर्दासमेत कुनै चासो नराख्नुले उक्त कुरालाई पुष्टि गर्छ । 'पछबरिया टोल' कथाको शीर्षकले नै मूल टोलभन्दा पश्चिमपट्टि पुछारमा रहेको, सीमानामा रहेको, पिछडिएको, सीमान्तकृत गराइएको टोल भन्ने अर्थबाट उनीहरूको परिधीय संस्कृति झल्किएको छ । यो मुसहरहरूको बस्ती हो । उनीहरूको आर्थिक स्थितिका बारेमा कथामा समाख्याताले भनेका छन्,

यो हरिकङ्गालहरूको बस्ती हो । यो तन्नमहरूको बस्ती हो । जगदीशवाको तीन कट्ठा जमिन छ कागजमा । पानी जम्छ बाह्रै महिना । जगदीशवा त्यसलाई गड्ढा भन्छ, गड्ढा अर्थात् खाल्टो पटुवा गाड्न काम दिन्छ । त्यो पनि पटुवा भए न हो । किस्नबहादुर कुन कागताली परेर हो, सायद बहादुर भएकाले होला गोल्छाको मिलमा चौकिदारीको काम गर्छ । (बराल, २०६७, पृ. ६७)

कथामा आएको प्रस्तुत कथनले यस टोलका मानिसहरूको आर्थिक हैसियतलाई प्रस्ट पारेको छ । निम्न वर्गीय आर्थिक संस्कृति बोकेका मानिसहरूको बसोबास भएको कुरा प्रस्ट पारेको छ । आफ्नो नाममा कुनै जग्गा जमिन नहुने, वेरोजगारी समस्या, अशिक्षा आदि कमजोर आर्थिक अवस्थाका सूचक हुन् । यस टोलका अधिकांश

मानिस गरिबी र अशिक्षाका कारण पिछडिएका देखिन्छन् । विवेच्य कथा वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्बहाली भएपछिको चुनावी माहोलमा केन्द्रित रहेको छ । यो टोल चुनावका बेलामा मात्र निकै चर्चामा आउने गरेको छ । दसकौँदेखि तराईका मधेसी समुदायलाई ठग्न पल्केका धूर्त नेताहरूले त्यहाँका गरिब जनताको उत्पीडनको फाइदा उठाई मत आफ्नो पक्षमा पार्न निकृष्ट कपटपूर्ण चाल चालेका छन् । भोट किनबेचको खेलमा यसरी लागेका छन्, "घर नहुनेलाई घर....जग्गा नहुनेलाई जग्गा साथीहरू हो । गरिबको भोट ....छाप नं. १ ले मुट्ठी कस्यो" (पृ. ६८) यस साक्ष्यले आर्थिक रूपमा प्रभुत्वशाली नेताले गरिबका मत पैसाले किनेर चुनाव जित्ने गरेको र आर्थिक पछौटेपनका कारण त्यहाँका मधेसी समुदायका लागिआफ्नो भोटभन्दा पनि बिहान बेलुकाको आवश्यकता महत्त्वपूर्ण हुने गरेको तथा एकछाक खानमानै आफ्नो अमूल्य मत बेच्न बाध्य हुनु परेको तथ्यलाई बढो मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । चुनावमा हुने आर्थिक चलखेललाई यसरी देखाइएको छ, "छाप नं.३ ले पाँच औँला ठड्यायो, कसैले यसलाई पाँच रूपैयाँ भने कसैले यसलाई पाँच सय" (पृ. ६८) । चेतनाको कमीका कारण आफ्नो अमूल्य मतको महत्त्व नबुरुदा हुने चुनावी विकृतिलाई यस कथनले प्रस्ट्याइएको छ ।

प्रस्तुत कथा वि.सं. २०४६ सालपूर्वको एकतन्त्रीय पञ्चायती व्यवस्थाको उल्लेख सूच्यका रूपमा आएको छ भने वि.सं. २०४६ साल पछिको प्रजातन्त्र पुनर्बहालीपश्चात्को घटनामा बढी केन्द्रित रही चुनावी रणनीति र तत्सम्बन्धी गतिविधिलाई खुलस्त पारेको छ । देशमा प्रजातन्त्र पुनर्बहाली भए पनि जनतामाथिको दमन, उत्पीडन, बर्वरतापूर्ण क्रियाकलापले शोषणको शृङ्खला नरोकिने तत्कालीन विमर्शात्मक संरचनाको द्योतकनै हो । यस किसिमको घृणित यथार्थलाई कथाकार बराललले प्रस्तुत गरेका छन् । देशमा जति नै परिवर्तन आएपनि गरिब जनताको जीवनमा कुनै पनि परिवर्तन नआएको तथ्य प्रस्तुत छ । उनीहरूको गरिबीलाई भऱ्याङ्ग बनाएर आफ्नो स्वार्थ पूरा गर्नसक्ने तत्कालीन विमर्शात्मक संरचनाको प्रभुत्वशाली सम्भ्रान्तवर्ग हो भने आफ्नो भएको संरचना पनि तहसनहस भएका पछबरिया टोलका बासिन्दा निम्न र सीमान्तकृत अवस्थामा पुगेका वर्गीय चरित्र हुन् । पछबरिया टोल कथामा भिन्न भिन्न आर्थिक अवस्था र वर्गगत अवस्था भएका प्रतिनिधि पात्रहरूको उपस्थिति रहेको पाइन्छ भने यी पात्रहरूबाट तत्कालीन समय र समाजले निर्माण गरेको विमर्शात्मक संरचना प्रस्तुत भएको छ ।

## राजनीतिक संस्कृति

कुनै पनि सामाज वा राष्ट्रको सांस्कृतिक स्वरूपको निर्माणमा राजनीतिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । राजनीति प्रत्यक्ष रूपमा सत्तासँग जोडिएको हुन्छ । सत्ताले नै देशको सांस्कृतिक संरचनामा आधिकारिकता प्रस्तुत गर्ने गर्दछ । तसर्थ कुनै पनि कृतिमा अभिव्यक्त भएको सांस्कृतिक दृष्टिकोणको पहिचानका लागि त्यो कृति लेखिएको समय र भूगोलको राजनीतिक अवस्था, लेखकको राजनीतिक दृष्टिकोण र मान्यताले समाज र संस्कृतिमा पारेको प्रभाव आदिको अध्ययन हुन आवश्यक छ । 'पछबरिया टोल' कथा २०४६ सालको राजनीतिक परिवर्तन पछि लेखिएको कथा भए पनि कथामा व्यक्तिएको पञ्तायती व्यवस्थाको सूचनाले २०४६ पूर्वको समयलाई सङ्केत गरेको कुरा प्रधानपञ्च रामदेव मण्डलले मुसहर टोलको नाम पञ्चायतटोल राखे भन्ने भनाइबाट प्रस्ट हुन्छ, "प्रधानपञ्च रामदेव मण्डलले यस टोलको नाम पञ्चायत टोल राखेको थियो" (पृ. ६६) । 'पछबरिया टोल' कथा पञ्चायतको अन्त्य पछि वि.सं. २०५१ को मध्यावधि चुनावको चुनावी रणनीति र तत्सम्बन्धी गतिविधिमा बढी केन्द्रित रहेको देखिन्छ । त्यहाँको चुनावी संस्कृतिलाई हेर्दा पञ्चायतको अन्त्यपछि पनि पञ्चायती शैलीकै शासनपद्धतिले निरन्तरता पाएको अवस्थालाई प्रस्तुत गरेको छ। २०४६ सालसम्म प्रजातन्त्रको पुनर्बहालीका लागि लडेका दलहरू सरकारमा गएपछि उनीहरूले जनपक्षीय सुधारका काम गर्नुको साटो पुरानै सामन्ती शोषक र दमनकारी पञ्चायती प्रवृत्तिलाई नै पछ्याइरहेका थिए ।

पछबरिया टोलका जनताको जीवनमा सुधार हुन सकेको थिएन । नेताहरू सत्तामा पुग्न निमुखा जनताको गरिबीलाई सिँढी बनाउने गरेको कुरालाई कथावस्तुले यसरी प्रस्ट्याएको देखिन्छ, “छाप नं.१ ढुक्क छ गरिबहरूको भोट उसकै छापमा । यसपल्ट फागुनमा पानी परेन, चैतमा पनि वैशाखमा पनि जेठमा पनि पानी परेन । यो तातो हावा । काम ताम केही छैन । खेतबारी छैन । यो महङ्गी ! महङ्गी पनि चुनाव परस्त छ एक सय कड्कडिंया बराबर-एक” (पृ. ६७) । यहाँ भोट किनबेच हुने गरेको तथ्यलाई प्रस्तुत गरेर चुनावको विकृतिपूर्ण संस्कृतिको खुलासा गरिएको छ भन्ने कुरालाई निम्न साक्ष्यले अझ स्पष्ट पार्छ, “छाप नं.३ ले पाँच औँला ठड्यायो । कसैले यसलाई पाँच रूपैयाँ भने, कसैले पाँच सय” (पृ. ६७) । यसरी बाठाटाढा नेताहरूले चुनावका बेला गरिब मतदाताका अमूल्य मतलाई आफ्नो पक्षमा कसरी पार्नुपर्छ भन्ने कुरा पनि बुझेका छन् । भोट क्रय विक्रय हुने तथ्यले प्रजातन्त्रको उपहास गरेको देखिन्छ । यस किसिमको राजनीतिक गतिविधिले वाक्क दिक्क भएका पछबरिया टोलका बासिन्दा नेताको कपटपूर्ण चालदेखि परिचित भइसकेका छन् । उनीहरूमा केही राजनीतिक चेतनाको आभाष पनि हुने गरेको देखिन्छ र चुनाव बहिष्कारको मनस्थितिमा पुगेको कुरा यसरी प्रस्ट पार्दछन्, “बाह्र वर्ष भयो यहाँ बसेको हामी बसेको जग्गा दर्तामा छैन । चुनावको बेला सबै यसो भन्छन्, उसो भन्छन्, छैन भोट के को भोट” (पृ. ६८) । यो चुनाव बहिष्कार झुटा आश्वासन दिएर आफू सत्तामा पुग्ने कुटिल चाल चाल्ने नेताहरू प्रतिको वितृष्णा हो भने सामन्तवादी शासनकै पक्षपोषण गर्ने व्यवस्थाप्रतिको विरोधको क्रान्तिकारी कदम पनि हो । मसाल पार्टीको तत्कालीन चुनाव बहिष्कारको नीतिलाई पनि कथामा निम्न साक्ष्यमार्फत प्रस्तुत भएको छ । “तब हाम्रो टोलमा पनि मसाल घुस्यो” (पृ. ६८) । बहुदल आई सकेपछि पनि मसाल पार्टी प्रतिबन्धित थियो भन्ने कुरा निम्न साक्ष्यले प्रस्ट पार्छ, “मसाल जुलुसको कुरा गरेको” कैलाशवाले आँखा झिम्क्याउँदै भन्यो” (पृ. ६८) । चुनाव बहिष्कार गर्ने भएपछि यिनै ठग नेताहरूको इसारामा पछबरिया टोलमा मध्यरातमा आगजनी गरिन्छ । आगजनीबाट परिस्थिति अत्यन्त कारुणिक बन्न पुगेको कुरा यसरी प्रस्तुत गरिएको छ, “हामर बच्चा” शिव शरणकी जहान छाती पिटीपिटी रोई रहेको छ । कस्तो हृदयविदारक दृश्य” (पृ. ६९) । यस किसिमको तनावपूर्ण, भयावह परिस्थितिको सृजना गरेर उनीहरूको भोट आफ्नो पक्षमा पार्न एकअर्कालाई दोषारोपण गर्ने र राहत बाढ्नेजस्ता नाटक मञ्चन गरेको देखिन्छ । राज्यको विरुद्धमा जनवादी क्रान्तिको उद्घोष गरेको प्रसङ्ग कथामा यसरी प्रस्तुत भएको छ, “काका, म हिंडे” कैलाशवा हातमा रातो कपडा लिएर पछबरिया टोलतिर कुद्यो । आँसुले टम्म भरिएका आँखा दुई हत्केलाले सफा गर्दै धनपतले हातमा रातो कपडा लिएर कुद्दै गरेको कैलाशवालाई हेरिरहे, हेरिरहे” (पृ. ७१) । यसरी विपन्न वर्गले चुनावका बेला साँढेको जुधाई बाच्छाको मिचाइमा परेर के कस्ता परिस्थितिको सामना गर्न बाध्य हुन्छन् भन्ने कुराको तस्बिर यस कथाले खिचेको छ । प्रस्तुत कथाको विषयवस्तु राजनीतिक संस्कृतिमा आधारित छ । राजनीतिको फोहोरी खेलको उत्कर्ष रूप चुनावी संस्कृतिले छर्लङ्ग पारेको छ । कथामा समेटिएका जे जति राजनीतिक घटना तथा सन्दर्भहरू छन्, ती सबै तत्कालीन नेपाली राजनीतिक संस्कृतिका नै प्रतिफल हुन् ।

## परिवेशगत संस्कृति

संस्कृतिको सूचकका रूपमा परिवेश पनि रहेको हुन्छ । परिवेश अन्तर्गत सामान्यतया भूगोल र समय पर्दछन् । संस्कृतिमा एउटा केन्द्रमा र अन्य परिधिमा रहनुमा स्थानगत सन्दर्भले पनि त्यसमा भूमिका खेलेको हुन्छ । आजको समाज गाउँ र सहरबिच पर्याप्त भिन्नता रहेको देखिन्छ । सहर हरेक सुविधाहरूबाट सम्पन्न रहेको हुन्छ भने गाउँ त्यसबाट वञ्चित रहेको हुन्छ । गाउँका तुलनामा सहर अवसरहरूको पर्याप्तताका कारण शक्ति सम्पन्न हुन्छ र सांस्कृतिक स्वरूपमा प्रभुत्वशाली रहेको हुन्छ । अवसरबाट वञ्चित गाउँमा बसोबास गर्ने मानिसहरू

भौगोलिक सबाल्टनका रूपमा देखिन्छन् । उनीहरू समाजको मूलधारबाट टाढा हुन्छन् र उनीहरूको सांस्कृतिक इतिहास पनि टाढा रहेको हुन्छ । आज यसतर्फको अध्ययन पनि एक महत्त्वपूर्ण सवालका रूपमा उठ्न थालेको छ । प्रस्तुत कथामा पूर्वी तराईको दक्षिण सीमावर्ती मधेसी समुदायमा हुने चुनावी संस्कृतिलाई मुख्य रूपमा समेटिएको छ। अरू बेला कसैको ध्यान नजाने त्यस टोलमा चुनावका बेला भने चर्चाको शिखरमा पुगेको देखिन्छ। कारण त्यहाँका ५५१ भोट हुन् । यस टोलमा स्थानीय बासिन्दालगायत पुलिस थाना, चिया पसल, पार्टी कार्यालय चर्चामा रहेका छन् । त्यहाँका बासिन्दा गरिबी र अशिक्षाका कारण चरम उत्पीडनमा परेका छन् । त्यसकै फाइदा उठाई बाठाटाठा नेताहरूले चुनावका बेला उनीहरूको भोटलाई किनेर आफ्नो पक्षमा पार्न निकै धूर्ततापूर्ण चालबाजी गर्दछन् । यसरी भोट किनबेच हुने गरेको तथ्यलाई कथावस्तुले यसरी प्रस्ट्याएको छ, "घर नहुनेलाई घर (....) जग्गा नहुनेलाई जग्गा साथीहरू हो । गरिबको भोट (....) छाप नं.१ ले मुठ्ठी कस्यो" (पृ. ६८) । आर्थिक पछौटेपनका कराण त्यहाँका मधेसी समुदाय आफ्नो अमूल्य मत बेच्न बाध्य रहेको यथार्थ पक्षलाई कथाले मार्मिकताका साथ सार्वजनिक गरेको छ । यसैगरी गरिबीका कारण उनीहरूसँग मनोरञ्जनका साधनको अभाव देखिन्छ । त्यसैले त्यहाँका जनता चुनावी आकर्षणका निम्ति आयोजनागरिएका सस्ता खेल तमासामा नै रमाउने गरेको र नेताहरूले यसकै फाइदा उठाएर मतलाई आफ्नो पक्षमा पार्ने गरेको तथ्यलाई समाख्याताले यसरी प्रस्तुत गर्दछ, "को जाओस् अब सुन्दरी मठको मेला । अनवर अख्तरले कटिहारबाट नाचपाटी मगाउने घोषणा सुनाएको छ गाउँमा । खाना फ्री, नाच फ्री" (पृ. ६८) । प्रस्तुत सन्दर्भले एकातिर त्यहाँका बासिन्दाहरूको कमजोर आर्थिक अवस्थालाई प्रस्ट पार्दछ भने अर्कोतिर पूर्वी तराईको सिमानामा बसोबास गर्ने मानिसहरू मनोरञ्जन गर्न र मेला भर्नका निम्ति छिमेकी देश भारतको सहरबजारमा जाने गरेको यथार्थ तथ्यलाई प्रस्तुत गरेको छ ।

पछबरिया टोलका बासिन्दाले चुनाव बहिष्कार गर्ने मनसाय व्यक्त गरेपछि त्यहाँ लगाइएको आगजनीबाट कपटी नेताहरू चुनाव जितेर सत्तामा पुग्न जस्तो सुकै निर्मम र निन्दनीय कार्य गर्न पनि पछि नपर्ने कुराको खुलासा यसरी गरिएको छ, "पछवरिया टोल हावामा हुरहुर बल्न थाल्यो । केटाकेटीहरूको रुवाबासी, ठुलाहरूको गुहार गुहार !"ए फुलमतिया !, ए जगदिसवा !" उफ् ! गाईवस्तु कराउँदै छन् ! कुदा रे कुदा ! रुवाबासी ! हो होल्ला" (पृ. ६९) ! यस किसिमको आगजनीबाट पछबरिया टोलको परिवेश अत्यन्त तनावपूर्ण र भयावह भएको देखिन्छ । आगजनीका कारण उत्पन्न परिस्थिति अत्यन्त गम्भीर र कारुणिक बन्न पुगेको देखिन्छ । पछबरिया टोल नेपालको मूलधारको स्थानभन्दा पिछडिएको वा सीमान्तकृत बनाइएको स्थानको रूपमा प्रस्तुत छ । यस्तो सबाल्टनमा रहेको परिवेशको संस्कृति पनि सबाल्टनमा नै रहने तथ्य प्रकट भएको छ । त्यस ठाउँको निकृष्ट चुनावी गतिविधि नै यस कथाको परिवेशगत सन्दर्भका रूपमा रहेको छ । प्रस्तुत कथाको केन्द्रीय कथ्य विषय नै राजनीतिक परिवेशअर्न्तगत चुनावी संस्कृतिको वर्णनमा केन्द्रित छ ।

## प्रभुत्व र प्रतिरोधको अवस्था

प्रस्तुत कथामा परिधीय संस्कृतिमा रहेका पछबरिया टोलका बासिन्दाहरू भौगोलिक, आर्थिक, शैक्षिक, राजनीतिक हिसाबले सीमान्तकृत हुन पुगेका छन् । राज्यका कुनै पनि तहमा उनीहरूको उपस्थिति छैन । केन्द्रीय संस्कृतिका रूपमा रहेको प्रभुत्वशाली वर्गको अन्याय, अत्याचार र शोषणका कारण उनीहरूको जीवनस्तर उठ्न नसकेको सामाजको प्रगति रोकिएको भन्ने ज्ञानको विस्तारै उत्पादन हुँदै गरेको देखिन्छ । उनीहरू केन्द्रीय संस्कृतिका विरुद्धमा चुनाव बहिस्कार गर्ने निर्णय गरेको कुरा यसरी घोषणा गर्छन्, "बाह्र वर्ष भयो यहाँ बसेको । हामी बसेको जग्गा दर्तामा छैन चुनावको बेला सबै यसो भन्छन्, उसो भन्छन्, छैन भोट । के को भोट" (पृ. ६८) ? दसकौँदेखि तराईका गरिब निमुखा समुदायहरू अफूहरूलाई ठग्न पल्केका नेताको धुत्याईपूर्ण व्यवहारबाट आजित

भएर विद्रोहका रूपमा चुनाव बहिष्कार गर्न पुगेका देखिन्छन् । यस उद्धरणले तत्कालीन समय (२०५१ मध्यावधि) मा चुनाव बहिष्कार गरेको मसाल पार्टीलाई इङ्गित गरेको देखिन्छ । आफ्नो सत्ताको वर्चस्व टिकाउनका लागि प्रभुत्वशाली संस्कृतिले स्थानीय प्रशासनको आडमा निमुखा जनतामाथि गरिने अन्याय अत्याचारलाई यस साक्ष्यले प्रस्ट पारेको छ, "यतिकैमा पुलिसले अर्का मान्छेलाई घोक्र्याउँदै ल्यायो, "यही हो आगो लगाउने मान्छे" उसले सइलाई सलाम ठोक्दै भन्यो, "....मालिक ! म इन्डियाको मान्छी बिरादरीमा ...." (पृ. ७०) । यसरी तत्कालीन अवस्थामा प्रहरी प्रशासनले आगो लगाउने मान्छे खोज्नुको साटो त्यहाँका निर्धामाथि दोष थुपार्दै घटनालाई अन्यत्रै मोड्न खोजेको देखिन्छ । यसले सामन्ती वर्गको शताब्दीऔं लामो शासन र शोषणका कारणले निर्मित नेपाली समाजको विद्रूप स्थितिलाई प्रस्तुत गरेको छ । यहाँ स्थानीय प्रशासनको प्रत्यक्ष रूपमा उपस्थित भएको छ । यसले शासनमा पनि उच्च वर्गकै सांस्कृतिक प्रभुत्व रहेको छ भन्ने कुरा निम्न उद्धरणबाट स्पस्ट हुन्छ, "पछबरिया टोलमा उग्रवादीद्वारा भीषण आगलागी ....अपराधी फरार ....मन्त्रीद्वारा राहत बाँडिने ...." (पृ. ७१) । यसरी पछबरिया टोलमा आगलागी भएको घटनालाई त्यहाँका स्थानीय प्रशासन तथा राजनीति दलका नेताले नयाँ मोड दिएर आफ्नो कुकृत्यबाट चोखिने काम गरेका छन् भने राज्य कोषको दुरूपयोग गरेर मन्त्रीद्वारा राहत वितरण गर्ने निर्णय गरेबाट नेताहरूको भ्रष्ट चरित्र नाङ्गिएको छ ।

पछबरिया टोलमा आगलागी भएपछि आफ्नो कर्तुत लुकाउन एकले अर्कोलाई दोषारोपण गर्ने क्रममा अनवर अख्तरले कैलाशवातिर सङ्केत गरेपछि बिस्तारै केन्द्रीय संस्कृतितर्फ पाइला बढाउँदै गरेको परिधीय संस्कृतिले केन्द्रीय संस्कृतका विरुद्धमा आवाज उठाउन थालेको कुरा यसरी व्यक्त भएको छ, "हामलाई पनि थाहा छ रातभरी कसको अफिस खुला थियो, कैलाशवाले भिडलाई चिर्दै औंला ठड्यायो" (पृ. ७०) । यसमा प्रतिरोधको चेतना जागृत भएको देखिन्छ । यो राज्य सत्ताको आडमा शोषण गर्ने नेताहरूको चरित्रप्रतिको प्रतिरोध चेत हो । यसै गरी भोला चौधरीको प्रवृतिप्रति धनपतले यसरी थुकेका छन्, "थुक्क कुकुर ! गाउँमा यस्तो छ तँलाई चोली के ...." । धनपत लट्ठी खोजेको अभिनय गर्दै कुटुला झैँ गरी मुड्की उज्याउँदै सकी नसकी उठे-"रे सार तँ आदमी छै कि जानवर ।" उनले भूईंमा थुके-थुक्क । त्यतिले झन् चित्त नबुझेर भित्रैबाट खकारेर थुकेँ-थुक्क" (पृ. ७१) । यहाँ जनताको वास्तविक पिरमर्कासँग सरोकार नराख्ने, गाउँ दनदनी बलिरहेको बेलामा नाचगानमा रमाउने तथा धन र शक्तिको आडमा विकृतिपूर्ण चुनावी प्रक्रियाका माध्यमबाट गरिब, चेतनाहीन जनताको मतलाई आफ्नो पक्षमा पार्न अनेक चाल चाल्ने नेताहरूको चरित्रप्रतिको आक्रोश व्यक्त भएको छ । केन्द्रीय संस्कृति आफ्नो विरुद्धमा उत्रनेलाई पन्छाएर सत्तामा टिकिरहन चाहन्छन् । परिधीय संस्कृतिमा केन्द्रीय संस्कृतिलाई विस्थापित गरेर नवीन संस्कृतिको स्थापनामा प्रयत्नशील र सङ्घर्षद्वारा शक्ति प्राप्त गर्नुपर्दछ भन्ने ज्ञानको उद्बोधक भइसकेको छ । उक्त ज्ञानशक्ति प्राप्ति तथा उत्थानतिर उन्मुख छ । त्यतिबेलाका द्वैत चरित्र भएका नेताका कलुषित क्रियाकलापबाट दिक्क भएका शोषित पीडित पछबरिया टोल बासीहरूमा विद्रोहको भावना जागृत भएको छ । यसको नेतृत्व कैलाशवाले गरेको कुरा उसकै भनाइबाट प्रस्ट हुन्छ, "काका म हिँडेँ" कैलाशवा हातमा रातो कपडा लिएर पछबरिया टोलतिर कुद्यो" (पृ.७१) । यसमा रातो कपडाले क्रन्तिको सङ्केत गरेको छ। परिधीय संस्कृतिमा रहेका शोषित पीडित वर्गले प्रभुत्वमा रहेको केन्द्रीय संस्कृतिका विरुद्ध सङ्घर्ष गर्नु पर्ने आह्वान गरिएको छ

## निष्कर्ष

'पछबरिया टोल' कथा केन्द्रभन्दा टाढा रहेको तराईको दक्षणी सीमावर्ती क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गको आर्थिक, सामाजिक, राजनीतिक अवस्थाको चित्रण गरिएको उत्कृष्ट कथा हो । २०४६ सालपछि नेपाली समाजमा विद्यमान विमर्शात्मक संरचना र त्यसले निर्माण गरेको राजनीतिक संस्कृतिको प्रस्तुति भएको छ । केन्द्रीय

संस्कृतिको शासनको उत्पीडन र परम्परादेखि अन्याय, अत्याचार र शोषणको संस्कृति भोगेका पछबरिया टोलका बासिन्दाले निम्न वर्गीय संस्कृतिको प्रतिनिधित्व गरेका छन् । प्रस्तुत कथा केन्द्रीय संस्कृतिमा रहेका नेताहरू चुनाव जित्न के कस्ता वितण्डा मच्चाउँदा रहेछन् भन्ने जीवन्त साक्ष्यका रूपमा रहेको छ । देशमा प्रजातन्त्रको पुनर्वाहाली भए पनि प्रजातन्त्रको उपभोगबाट पछबरिया टोलका बासिन्दा जस्ता बहुसङ्ख्यक नेपालीहरू त्यसबाट वञ्चित भएकाले यो प्रजातान्त्रिक शासन पद्धतिकै उपहास भएको हो भन्ने कथाकारको निष्कर्ष रहेको देखिन्छ । कथाकारले उक्त कथामार्फत तराईको सीमावर्ती क्षेत्रमा हुने गरेको चुनावी गतिविधिलाई विशेष रूपमा उद्घाटन गर्न खोजेका छन् । चुनावताका प्रभुत्वशाली नेताहरूले प्रहरी प्रशासन र स्थानीय प्रशासनको आड भरोसामा त्यहाँका विपन्न निमुखा जनतामाथि बर्वरतापूर्ण ज्यादती गर्ने गरेको सत्यतथ्यलाई प्रस्तुत कथाले कारुणिक ढङ्गले उतारेको छ । सामन्तवादी शासन व्यवस्थाले निर्माण गरेको वर्गीय संस्कृतिले फरक फरक ज्ञानको उत्पादन गरेको छ । यसमा पछबरिया टोलबासीहरूले भोगेको परिधीय संस्कृतिले सामन्तवर्गको अन्त्य नै समाज परिवर्तनको मूल आधार हो भन्ने ज्ञान प्राप्त गरेको छ । मूलधारको संस्कृतिले निम्न वर्गीय संस्कृतिमाथि प्रभुत्व कायम राख्न अनेकौँ जालझेल, प्रपञ्च र षड्यन्त्र गर्नुपर्दछ भन्ने ज्ञानका आधारमा शक्ति प्राप्त गरेको छ । यस प्रकारको सामन्तवादी प्रभुत्वशाली संस्कृतिले शक्तिका भरमा निर्माण गरेको ज्ञानका विरुद्ध परिधीय संस्कृतिको प्रतिरोध चेत नै यस कथाको मुख्य सांस्कृतिक पक्ष हो । प्रस्तुत कथा २०४६साल पछाडिको सत्तासीन सामन्ती व्यवस्थाका विरुद्धमा आवाज उठाउन थालिसकेको सामाजिक तथा राजनीतिक कालखण्डको विमर्शात्मक संरचनामा केन्द्रित रहेको छ ।

## सन्दर्भ सामग्री


उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा* (चौ. सं.). काठमाडौँ : अक्षर क्रियासन्स नेपाल ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६७). *पछबरिया टोल. नेपाली साहित्यिक रचना* (दो. सं.). (सम्पा.). त्रि. वि. पाठ्यक्रम केन्द्र. ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७). *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक* (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण. काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०६८). *सांस्कृतिक अध्ययनको परिचय र विकास.* समकालीन साहित्य -६७ (माघ, फागुन,चैत). ६१-७१ ।

श्रेष्ठ, तारालाल (२०६८). *शक्ति स्रष्टा सबाल्टन* (दो. सं.). काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

सिन्ना, हिम्मस सिंह(२०६४). *संस्कृतिका लक्षण र विशेषताहरू. समाज र संस्कृति* (दो. सं.). निनु चापागाईं (अनु.). काठमाडौँ : विवेक सिर्जनशील प्रा. लि.।